**नेपाल सरकार**
**संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय**
**लेखनाथ नगरपालिका कार्यालय**

**प्राबिधिक प्रस्तावको लागि आमन्त्रण**
**(प्रथम पटक प्रकाशन : ०४/११/२०७१)**

१. स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम (LGCDP II) देशब्यापीरुपमा संघीय मामीला तथा स्थानीय बिकास मन्त्रालय द्धारा संचालित कार्यकम हो । यस कार्यकमको उद्धेश्य समाबेशी, जिम्मेवार र उत्तरदायी स्थानीय सरकार तथा सहभागितामूलक सामुदायिक नेतृत्वमूखी बिकास मार्फत गरीबि घटाउन योगदान गर्नु रहेको छ ।
२. लेखनाथ नगरपालिका क्षेत्रमा सामाजिक परिचालन कार्यक्रम संचालनका लागि स्थानीय सेवा प्रदायकको रुपमा सामाजिक परिचालन कार्यक्रम कार्यान्वयनका लागि काम गर्न इच्छुक सेवा प्रदायक फर्महरुबाट आसयपत्र माग भई सो को मूल्यांकन पश्चात संक्षिप्त सूचीमा परेका सेवा प्रदायक संस्थाहरुबाट शीलबन्दी प्राबिधिक प्रस्ताव आब्हान गरिन्छ ।
३. प्रस्ताव प्रथम् पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र इच्छुक योग्य बोलपत्रदाताहरुले नबिकरण भएको फर्म दर्ता प्रमाणपत्र, आयकरको स्थायी नम्बर (PAN) र मूल्य अभिबृद्धि कर (VAT)मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न राखी लिखित निबेदन दिई कार्यालय समयभित्र यस कार्यालयबाट प्राप्त गर्न सकिने छ ।
४. यो सूचना प्रथम् पटक प्रकाशित भएको मितिले ३१ औं दिन अर्थात २०७१ साल चैत्र ०४ गते बुधबार दिनको १२:०० बजे भित्र वा सो भन्दा अगाडि नै प्राबिधिक प्रस्ताव यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ । दर्ता भएका प्राबिधिक प्रस्तावहरु सोही दिनको १३:०० बजे बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ ।
५. प्रस्तावित परामर्श सेवा सम्बन्धी सम्पूर्ण बिवरण गर्नुपर्ने कामको कार्यनिर्देश (Terms of Reference) मा उपलब्ध गराईने छ ।
६. परामर्शदाताको छनौट निश्चित बजेट प्रणाली अन्तरगत गरिनेछ । सेवाका लागि चाहिने आवश्यक रकम गर्नुपर्ने कामको कार्यनिर्देश (Terms of Reference ) मा संलग्न गरिएको छ ।
७. इच्छुक योग्य बोलपत्रदाताहरुले यस सम्बन्धि थप जानकारी लिन चाहेको खण्डमा यस कार्यालयबाट प्राप्त गर्न सक्नेछन् ।

**२. परामर्शदाता / सेवा प्रदायक फर्मलाई छोटकरीमा जानकारीका लागि**

| | |
|---|---|
| १. | प्रस्ताव पेश गर्नु पर्ने स्थान : लेखनाथ नगरपालिका कार्यालय, तालचोक, कास्की |
| २. | प्रस्ताव बुझाउने अन्तिम मिति : आमन्त्रणपत्रमा उल्लेख भए बमोजिम । *(प्रथम् पटक प्रकाशित भएको मितिले ३१ औं दिन* बोलप खरिद गर्ने अथवा दर्ता गर्ने अन्तिम् दिन बिदा परेमा सो को भोलि पल्ट वा बिदा पछि कार्यालय खुलेको दिन हुनेछ । |
| ३. | प्राबिधिक प्रस्तावको एक प्रति सक्कल र एक प्रति नक्कल बुझाउनु पर्नेछ । |
| ४. | प्रस्ताव (बोलपत्र) सम्बन्धी स्पष्ट जानकारी लेखनाथ नगरपालिकाको कार्यालय बाट प्राप्त गर्न सकिनेछ । |
| ५. | पूर्व प्रस्ताव बैठक हुने : नहुने । |
| ६. | प्रस्ताव बुझाउने अन्तिम मिति पछि प्रस्तावको मान्य हुने अवधि ९० (नब्बे) दिन रहनेछ । |
| ७. | अनुमानित आवश्यक महिनावारी दक्ष कर्मचारीहरुको संख्या : कार्यक्षेत्रगत शर्तमा उल्लेख भए बमोजिम हुने । |
| ८. | फर्मले निम्न बमोजिमको एउटा ब्यवशायिक दक्ष टोलीको प्रस्ताव गर्नुपर्ने छ : कार्यादेश बमोजिम हुनेछ । |
| ९. | प्रत्येक प्राबिधिक प्रस्तावको मुल्याङ्कनमा अङ्क प्रदान गरिने प्रक्रिया : प्रस्ताव सम्वन्धि कागजात मा दिईएको छ । |
| १० | प्राबिधिक प्रस्तावमा उतीर्ण हुन आवश्यक न्यूनतम् अङ्क ६० |
| ११ | काम शुरु गर्ने अनुमानित मिति १ अप्रिल २०१५ । |

अन्य विस्तृत जानकारीका लागि प्रस्ताव सम्वन्धि कागजात हेर्नुहोला ।

☏ ०६१–५६००८०, ०६१–५६०५६६,

# लेखनाथ नगरपालिका कार्यालय

## तालचोक, कास्की

### (स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम)

सात तालको बगैचा शहर
GARDEN CITY OF SEVEN LAKES
लेखनाथ नगरपालिका
LEKHNATH MUNICIPALITY

प.सं.
च.नं.

मिति :– २०७१/११/०४

विषय :–प्रस्ताव पत्र पेश सम्बन्धमा ।

श्री जो जससँग सम्बन्ध राख्दछ ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय द्वारा स्थानीय सेवा प्रदायक संस्थाको रुपमा कार्य गर्नका लागि इच्छुक सेवा प्रदायक फर्महरुबाट आसयपत्र माग भई सो को मुल्यांकन पश्चात संक्षिप्त सुचीमा परेका सेवा प्रदाय संस्थाहरु पर्याप्त मात्रामा नपुग हुन गएकोले यस कार्यालयबाट पुनः दोस्रो पटक प्रकाशित सूचना अनुसार पर्न आएका आशय पत्र मध्ये मुल्याकन समितिबाट सिफारीस भई नगरस्तरीय सामाजिक परिचालन समन्वय समितिको मिति २०७१/११/४ गतेको बैठकमा पेश हुन आएका उल्लेखित ५ वटा संस्थाहरुसँग प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्ने निर्णय भएकोले मिति २०७१/११/४ मा आर्थिक तथा प्राविधि प्रस्ताव मागको सूचना प्रकाशित भई सकेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

प्राविधिक तथा आर्थिक प्रस्ताव नेपाली वा अंग्रेजी कुनै एक भाषामा पेश गर्न सकिने गरी प्रस्ताव पत्र मागको सम्पूर्ण विवरण लेखनाथ नगरपालिकाको कार्यालयबाट प्राप्त हुने छ । यसरी प्राप्त हुने विवरण अध्ययनका लागि सहजता सृजना गर्न नेपाली र अंग्रेजी दुवै भाषामा तयार गर्ने प्रयास गरिएको भए पनि कतिपय परिच्छेदहरुको हकमा अंग्रेजी भाषामा पूर्ण विवरण रहेको हुनाले प्रस्ताव तयार गर्दा अंग्रेजी र नेपाली दुवै भाषामा विवरणहरु अध्ययन गरी आवश्यक कुराहरु पुरा हुने गरी प्रस्ताव पत्र तयार गरी पेश गर्नका लागि अनुरोध छ, साथै यसै साथ संलग्न क्लस्टर मध्ये कुन क्लस्टरमा कार्य गर्ने हो सो को प्राथामिकता क्रम तोकी औपचारिक पत्र समेत प्रस्ताव साथ पेश गर्नु हुन अनुरोध छ । क्लस्टर प्राथामिकता तोक्दा पहिलो, र दोस्रो स्पष्ट तोकी पठाउन समेत अनुरोध छ ।

.....................................

(रामचन्द्र पौडेल)

प्रमुख तथा कार्यकारी अधिकृत

## Section 1. Letter of Invitation

Dear Shortlisted LSPs

1. Local Governance and Community Development Programme (LGCDP) Phase II is Countrywide Program under Ministry of Federal Affairs and Local Development (MoFALD). The objective of this program is to contribute towards poverty reduction through inclusive, responsible, accountable local government and participative leadership development.
2. The Lekhnath Municipality now invites proposals for: Services of Local Service Provider for Implementing Social Mobilization at Municipal Ward
3. More details on the services are provided in the attached Terms of Reference.
4. The Request for Proposal (RFP) has been addressed to the following shortlisted consultants:
   A. Necleus for Empowerment through Skill Transfer (NEST), Pokhara.
   B. Centre for Integrated Training and Rural Awareness Centre (CITARA, Nepal)
   C. Chhunumunu Publication Ltd.
   D. Child health and Environment Save Society (CHESS), Kaski.
   E. Community Rural and Women Development Service (CRWODS, Nepal)
5. LSPs will be selected under Fixed Budget Selection (FBS) and procedures described in this RFP.

6. The RFP includes the following documents:

   Section 1 - Letter of Invitation

   Section 2 - Information to Consultants

   Section 3 - Technical Proposal - Standard Forms

   Section 4 - Financial Proposal - Standard Forms

   Section 5 - Terms of Reference

   Section 6 - Standard Forms of Contract.

7. Interested LSPs can obtain further information from our office within office hours

Yours sincerely,

Ram Chandra Paudyal
(Executive Officer)
Lekhnath Municipality

# Section 1. Letter of Invitation

## आमन्त्रण पत्र

**श्री संक्षिप्त सूचीमा रहेका सेवा प्रदायक संस्थाहरु**

१. स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम (LGCDP II) देशब्यापीरुपमा संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय द्वारा संचालित कार्यक्रम हो । यस कार्यक्रमको उद्धेश्य समाबेशी, जिम्मेवार र उत्तरदायी स्थानीय सरकार तथा सहभागितामूलक सामुदायिक नेतृत्वमूखी बिकास मार्फत गरीबि घटाउन योगदान गर्नु रहेको छ ।

२. लेखनाथ नगरपालिकाले स्थानीय सेवा प्रदायक संस्थाहरु छनौटको सिलसिलामा न.पा का वडाहरुमा सामाजिक सेवा परिचालनका लागि  प्रस्ताव सम्वन्धि कागजात जारी गरेको छ ।

३. सेवा सम्वन्धि थप विवरण यसै प्रस्ताव सम्वन्धि कागजात मा रहेको कार्यक्षेत्रगत शर्त ( Terms of Reference ) मा उल्लेख गरिएको छ ।

४. यो प्रस्ताव सम्वन्धि कागजातहरु तपसिलमा उल्लेख गरिएका सेवा प्रदायकहरुलाई जारी गरिएको छ ।
   क. न्युक्लियस फर इम्पावरमेण्ट थ्रु स्कील ट्रान्सफर (नेष्ट)
   ख. सेण्टर फर इन्टेग्रेटेड ट्रेनिङ एण्ड रुरल अवाएरनेस सेन्टर (सितारा नेपाल)
   ग. छुनुमुनु पब्लिकेशन लि.
   घ. वाल स्वास्थ्य र वातावरण बचाउ समाज (चेस नेपाल)
   ङ. सामुदायिक ग्रामिण तथा महिला विकास सेवा

५.  सेवाप्रदायक छनौट निश्चित बजेट प्रणाली (Fixed Budget Selection Method) अन्तरर्गत गरिनेछ ।

६. यो प्रस्ताव सम्वन्धि कागजात हरुमा देहायका अनुसुचीहरु  (Section) हरु रहनेछन् ।

Section 1 - Letter of Invitation (अमन्त्रणपत्र)

Section 2 - Information to Service providers( सेवाप्रदायकहरुका लागि जानकारी)

Section 3 - Technical Proposal - Standard Forms( प्राविधिक प्रस्ताव को फारम )

Section 4 - Financial Proposal - Standard Forms ( आर्थिक प्रस्ताव को फारम )

Section 5 - Terms of Reference ( कार्यक्षेत्रगत शर्त )
Section 6 - Standard Forms of Contract ( सम्झौताको स्टान्डर्ड फारम )

७. इच्छुक योग्य बोलपत्रदाताहरुले यस सम्बन्धि थप जानकारी लिन चाहेको खण्डमा यस कार्यालयबाट प्राप्त गर्न सक्नेछन् ।

भवदिय,

रामचन्द्र पौडेल
(कार्यकारी अधिकृत)
लेखनाथ नगरपालिका